# अरिस्टोटलका अनुकरण र विरेचन सिद्धान्त

**यादवप्रसाद शर्मा**
Associate Professor of Nepali, Saraswati Multiple Campus, Tribhuvan University
email : sharmayadav134@gmail.com

**लेखसार**

*अरिस्टोटलका अनुकरण तथा विरेचनसिद्धान्तलाई सङ्क्षिप्त एवं प्रस्टरूपमा प्रस्तुत गर्ने उद्देश्यमा केन्द्रित यस लेखका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ र यसरी सङ्कलित सामग्रीको विश्लेषण गरेर सिद्धान्तको परीक्षण गरिएको छ । लेखमा अरिस्टोटल एवं प्लेटोको सङ्क्षिप्त परिचय दिई अनुकरण सम्बन्धी प्लेटोको दृष्टिकोणको सङ्क्षिप्त चर्चा गर्दै अरिस्टोटलको अनुकरण सिद्धान्तलाई प्रस्तुत गरिएको छ । सम्पूर्ण कला अनुकरणका प्रकारका रूपमा रहेका, तिनीहरू केवल अनुकरणका माध्यम, विषय र प्रविधिले ललित कलाका शाखा-प्रशाखामा विभाजित हुने र साहित्यमा भाषाका माध्यमले प्रकृति वा जीवनजगत्का अन्तरङ्ग एवं बहिरङ्ग पक्षको अनुकरण गरिने कुरा औँल्याइएको छ । स्वयंमा पुरै सामञ्जस्य एवं सङ्गतिपूर्ण नरहेको प्रकृतिका असङ्गतिपूर्ण, भावमुक्त, अशक्त र अशिव (अकल्याणकारक) पक्षलाई साहित्यकारमा भएको सामञ्जस्य एवं सङ्गतिको चेतनाले सङ्गतिपूर्ण, भावयुक्त, सशक्त र शिव (कल्याणकारक) बनाएर प्रस्तुत गर्दछ भन्ने अरिस्टोटलको आशय औँल्याउँदै प्लेटोका दृष्टिमा अनुकरणको अर्थ मूल आदर्शको अनुकरण थियो भने अरिस्टोटलका दृष्टिमा अनुकरणको तात्पर्य कल्पनात्मक पुनःसृजन रहेको कुरा प्रस्ट पारिएको छ । विरेचनका सम्बन्धमा विभिन्न व्याख्याकारहरूद्वारा प्रस्तुत सबै अर्थहरू अरिस्टोटलका निम्ति अभिप्रेत थिए कि थिएनन् भन्ने निश्चय गर्नु अत्यन्त कठिन रहेको र यस विषयमा केवल अनुमान मात्र गर्न सकिने कुरा औँल्याउँदै चिकित्सा शास्त्रबाट उनले मूल शब्द लिएका, धार्मिक सङ्गीततर्फ पनि उनले सङ्केत गरेका र मानसिक शुद्धिको चर्चा पनि उनको 'राजनीति शास्त्र' मा उपलब्ध रहेको कुरा प्रस्तुत गरिएको छ र अरिस्टोटलले धार्मिक (धर्मपरक), नैतिक (नीतिपरक), कलात्मक (कलापरक) तीनै अर्थमा विरेचनको तात्पर्य ग्रहण गरेको निचोड दिइएको छ ।*

**शब्दकुन्जी** : त्रासदी, प्रकृति, मानसिक शुद्धि, मूल आदर्श, सत्य ।

**विषयपरिचय**

अरिस्टोटल सोक्रेटसको बौद्धिक क्रान्तिका उत्तराधिकारी बहुमुखी प्रतिभासम्पन्न रहस्यवादी आध्यात्मिक दार्शनिक प्लेटोका शिष्य थिए । गुरु प्लेटोको रहस्यवादी आध्यात्मिक दर्शन तथा आत्मपरक भावुकताका विपरीत चेला अरिस्टोटलको दृष्टि बढी वस्तुपरक थियो । प्लेटोका यस्ता प्रतिभाशाली शिष्य अरिस्टोटलको जीवनकाल ई.पू. ३८४-३२२ मानिन्छ । अरिस्टोटल आफ्ना गुरु प्लेटोको परम्पराभन्दा अघि बढ्दै प्राचीन ग्रीसेली ज्ञानविज्ञानको सङ्गठन, संरक्षण र संवर्धनमा आजीवन सक्रिय रहे । प्लेटो आफ्ना स्वतस्फूर्त स्थापनालाई सशक्त तर्कका माध्यमबाट प्रमाणित गर्न प्रयत्नरत हुन्थे भने अरिस्टोटल वस्तुगत तथ्यको अनुगमन गरी सामान्य सैद्धान्तिक नियम खोज्नमा तल्लीन रहन्थे । प्लेटो आफ्ना स्वतस्फूर्त दार्शनिक चिन्तनका आधारमा विषयगत सत्यको प्रतिपादन गर्दथे भने अरिस्टोटल वस्तुगत सत्यका आधारमा शास्त्रीय सिद्धान्तको अन्वेषणमा संलग्न रहन्थे । यसरी निगमनात्मक तर्कविधि र आगमनात्मक तर्कविधिका आधारमा यी गुरुशिष्यमा व्यापक वैषम्य देखा परे तापनि यी दुई चिन्तकहरूका बिच गहन सम्बन्धसूत्र रहेकै छ । अरिस्टोटलका प्राज्ञिक वैशिष्ट्य, उद्देश्य, प्रक्रिया र शैली भिन्नै भए तापनि गुरु प्लेटोका विचारबीज, पूर्वपक्षात्मक प्रश्न, दार्शनिक स्थापना र पारिभाषिक पदावलीले अरिस्टोटलमाथि गहिरो प्रभाव पारेको पाइन्छ । अरिस्टोटलले गुरु प्लेटोको नामोच्चारण नगरी शिष्ट तरिकाले प्लेटोका धारणाको खण्डन गर्दै प्लेटोकै विचारबीज तथा पूर्वपक्षका आलोकमा व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्दछन् । शैली पृथक् तथा निष्कर्ष विपरीत भए तापनि अरिस्टोटलको विकासमा प्लेटोको महत्वपूर्ण योगदान रहेको छ । पाश्चात्य कला, साहित्य, राजनीति, दर्शन इत्यादि क्षेत्रमा अरिस्टोटलद्वारा प्रस्तुत चिन्तनबाट अद्यावधि पूरा विश्व नै प्रभावित

रहेको कुरामा दुईमत छैन । त्यस्तै अरिस्टोटलका कलासाहित्य सम्बन्धी सिद्धान्तमा अनुकरण सिद्धान्त र विरेचन सिद्धान्त पनि प्रभावशाली साहित्य सिद्धान्तका रूपमा चर्चित छन् । अरिस्टोटलका अनुकरण र विरेचन सिद्धान्तको मूल अभिप्राय ठम्याउने समस्यामा आधारित यो लेख अरिस्टोटलका अनुकरण एवं विरेचन सिद्धान्तसम्बन्धी दृष्टिकोणको विश्लेषण गर्दै तिनको अन्तर्य पहिल्याउने उद्देश्यमा केन्द्रित रहेको छ ।

## अध्ययनविधि

यस अनुसन्धानात्मक लेखका लागि आवश्यक सम्पूर्ण सामग्रीहरू द्वितीयक स्रोतबाट लिइएको छ र सामग्री सङ्कलनको आधार पुस्तकालय रहेको छ । यो लेख अनुकरण एवं विरेचन सिद्धान्तजस्ता बहुचर्चित पूर्वस्थापित सिद्धान्तमाथिकै विमर्श भएकाले यस विषयमा विभिन्न विद्वान् अनुसन्धाता एवं समालोचकहरूका व्याख्या-विश्लेषण र विचारहरूको प्रयोग गर्नाका साथै तुलनात्मक विधिको पनि उपयोग गएको छ ।

## अनुकरण सम्बन्धी प्लेटोको दृष्टिकोण

प्राचीन युनानमा कलाको उद्देश्य सत्यलाई स्वच्छ प्रतिरूपमा प्रस्तुत गर्नु मानिन्थ्यो । यसरी त्यो समयमा कलालाई साँचो रूपमा अनुकरणात्मक मानिन्थ्यो । ‘सुकरात र उनका उत्तरवर्ती चिन्तकहरूले कविताको ध्वनि जीवनजगत्को ध्वनिको नक्कल हो र कविताको गति जीवनजगत्को गतिको नक्कल हो भन्ने मान्दथे । प्लेटोभन्दा पूर्ववर्ती चिन्तकहरू कलाकारले वास्तविक जीवनजगत् (प्रकृति) का पदार्थहरूको निर्माण या उत्पादन गर्न सक्तैन, केवल सत्यको छायाभास ९ब्उउभबचबलअभ० मात्र निर्माण गर्नसक्छ भन्ने मान्दथे । यसरी उनीहरू कलालाई स्वतन्त्र रचना नमानी केवल अनुकृति मान्दथे । प्लेटोमा पनि उपर्युक्त पूर्ववर्ती विचारहरूको प्रभाव पर्नु स्वाभाविक थियो (गुप्त, २००३, पृ. २७) ।’ प्लेटो अध्यात्मवादी दार्शनिक भएको हुँदा उनी चेतनाबाट पदार्थतर्फ (विचारदेखि वस्तुतर्फ) अग्रसर हुन्थे । कुनै रेखागणितज्ञका सामुन्ने पहिले रेखाको ‘आदर्श’ उपस्थित हुन्छ र पछि मात्र रेखाको जन्म हुन्छ । जतिसुकै प्रयत्न गरे पनि रेखा मूल आदर्श ९क्षमभब० बन्न सक्दैन, त्यसैले अनुकरण अपूर्ण नै रहन्छ । प्लेटोका काव्यसिद्धान्तमा उनको यो धारणाको गहन प्रभाव परेको पाइन्छ ।

प्लेटोका प्रारम्भिक चरणका साहित्यसम्बन्धी दृष्टिकोणहरू इयन नामक ग्रन्थमा प्रस्तुत छन् । उक्त ग्रन्थमा उनले आफ्ना मौलिक विचारहरूलाई भन्दा आफ्ना गुरुका विचारहरूलाई लिपिबद्ध गरेका छन् । यहाँ साहित्यका माध्यमबाट सत्यको साक्षात्कार गर्न सकिन्छ कि सकिन्न भन्ने सवाल उठाउँदै साहित्यको सिर्जन प्रक्रियालाई खोतल्ने काम गरिएको छ । यसमा साहित्य सिर्जनामा दैवी उन्मादको प्रक्रियालाई स्विकारिएको छ । कविता दिव्य उन्मादको क्षणमा रचिने भएकोले यसमा भावनात्मक उच्छ्वालहरू व्याप्त हुन्छन् । सत्यको प्राप्ति तथ्यात्मक मार्गबाट हुन्छ, भावुकताबाट होइन । तर कवितामा बढी भावुकता हुने हुँदा कविताबाट सत्य प्राप्त हुन सक्दैन । उनी सत्यको पक्षमा उभिने भएकाले न्यायको सर्वोच्च स्वरूपलाई प्रस्तुत नगर्ने कुनै पनि कुरालाई स्वीकार गर्न नसकिने बताउँछन् ।

प्लेटोका दोस्रो चरणका साहित्यसम्बन्धी दृष्टिकोणहरू फेड्रस र आदर्श गणराज्य नामक ग्रन्थहरूमा प्रस्तुत छन् । यिनमा उनी साहित्यको विपक्षमा उभिएर आफ्ना प्रमुख दुई मौलिक चिन्तन अगाडि सार्दछन् । उनी भन्छन् ‘साहित्यकारले हाम्रा आवेगहरूलाई मलजल प्रदान गर्दछ र आवेगहरूको भरणपोषण गर्दछ । आवेगहरूद्वारा उच्च आदर्शको शिखरमा पुग्न सकिँदैन, तसर्थ आदर्श गणराज्यका प्रत्येक नागरिक भावनाद्वारा नभई बुद्धिद्वारा परिचालित हुनुपर्दछ । आवेग-संवेग र भावुकतामाथि विजय प्राप्त गर्नुपर्दछ । प्लेटो के मान्दथे भने ‘ईश्वरजनित मूल आदर्श नै वास्तविक सत्ता हो । त्यसको छुट्टै स्वतन्त्र एवं सूक्ष्म अस्तित्व छ । यो सम्पूर्ण स्थूल अस्तित्व त्यही सूक्ष्म अस्तित्वको अनुकरण हो । त्यो मूल आदर्श स्थूल अस्तित्व वा सांसारिक वस्तुहरूमा समाविष्ट छ वा यो दृश्यमान् जगत् मूल आदर्श जगत्को प्रतिकृति हो । यदि परमात्मा छ भने ब्रह्माण्ड त्यसको अनुकृति हो, पदार्थहरू छन् भने तिनको प्रतिच्छाया पदार्थको अनुकृति हो, मानव निर्मित वस्तुहरू छन् भने तिनका चित्रहरू अनुकृति हुन् (गुप्त, २००३, पृ. २८) ।’ प्लेटोले कलालाई प्रथमतः दैवी कला र मानवीय कला

गरी दुई वर्गमा विभाजन गरेका छन् । उनले दैवी कलालाई पनि दुई वर्गमा बाँडेका छन् :

(क) प्राकृतिक पदार्थ (जो परमात्माद्वारा सिर्जित छन् )

(ख) तिनको प्रतिकृति (जो स्वप्न अथवा पानी आदिमा परेका प्रतिविम्बमा देखिन्छन् ।)

यसरी नै मानवीय कलाहरूलाई पनि उनले दुई वर्गमा बाँडेका छन् :

(क) उत्पाद्य (उपयोगी) कला (जस्तैः स्थापत्यकला वा वास्तुकला) र

(ख) अनुकरणात्मक कला (जसले उत्पाद्य वस्तुहरूको विम्ब प्रस्तुत गर्दछ ।)

यदि सिकर्मी, डकर्मी, कुमाले आदि उत्पादक (उपयोगी) कलाकार हुन् भने चित्रकार, साहित्यकार आदि अनुकरणात्मक कलाकार हुन् । अनुकरणात्मक कलाका पनि दुई भेद छन् :

(क) Copy making of Photographic art र

(ख) Fantastic art

Copy making of Photographic बचत मा चित्रकार त्यस्तो चित्र बनाउँछ जस्तो वस्तु उसको सामुन्नेमा छ । Fantastic बचत मा चित्रकार त्यस्तो चित्र बनाउँछ, जसबाट चित्र अत्यन्त सुन्दर बन्छ । प्लेटो प्रथम चित्रलाई Copy र दोस्रो चित्रलाई Appearance या Phantasm भन्दछन् । यसरी प्लेटोका अनुसार प्रत्येक वस्तुमा तीन रूप हुन्छन् : आदर्श, वास्तविक र अनुकरणात्मक । यी तीन रूपमध्ये उनी प्रथमलाई सर्वोत्कृष्ट मान्दछन् । किनकि अन्य दुई रूप वास्तविक र अनुकरणात्मकलाई जान्न प्रथम (स्थायी सत्य) लाई जान्नु आवश्यक हुन्छ । प्लेटोका दृष्टिमा मूल आदर्श (Idea) नै सर्वाधिक महत्वपूर्ण छ । यसरी मूल आदर्श (Idea) नै सत्य हो । त्यसको अनुकरण जीवनजगत् (प्रकृति) हो र त्यसको पनि अनुकरण कलासाहित्य भएकोले कलासाहित्य अनुकरणको पनि अनुकरण हो । अतः कलासाहित्य सत्यभन्दा दुई गुणा टाढा (Twice removed from truth) भएकोले त्याज्य छ (गुप्त, २००३, पृ. २८-२९) । यसरी सामान्य कलाकारको दृष्टि क्षणिक, नश्वर एवम् विपरीणामधर्मी वस्तुहरूसम्म सीमित रहन्छ । परन्तु मूल आदर्श अपरिवर्तनशील (शाश्वत वा अविपरीणामधर्मी) हुन्छ । यसरी मूल आदर्शका तुलनामा अनुकरण (Phantasm) तुच्छ हुन्छ । कलामा विशुद्ध सत्यको अंशमात्र या छायामात्र हुने हुँदा यो अधिक महत्वको हुँदैन भन्ने प्लेटोको दृष्टिकोण रहेको पाइन्छ ।

बौद्धिक क्रान्तिको विकाससँगै ज्ञानविज्ञानका अनेक शाखाप्रशाखाहरूको विकास हुँदै गएपछि प्लेटोले आफ्नो विधि नामक ग्रन्थमा साहित्यप्रतिको चिन्तनमा पुनर्विचार गरेका छन् । कला एवं साहित्यको अध्ययन सौन्दर्यशास्त्रको कोणबाट नगरेर अध्यात्म एवं नीतिशास्त्रका कोणबाट गरेका कारण प्लेटोका दृष्टिमा कलाको उत्कृष्टताका दुई आधार देखिन्छन् :

(क) सत्यको अर्थात् मूल वस्तुको अनुकरण कुन हदसम्म हुनसक्यो ?

(ख) अनुकरण गरिएको वस्तु स्वयंमा कति शुभ या अशुभ (मङ्गलदायक वा अमङ्लदायक) छ ?

यदि अनुकरण सत्यको नजिक छ र अनुकरणको विषय कल्याणकारी छ भने त्यसलाई प्लेटो स्वीकार्य ठान्छन् । उनले कवितालाई अनुकरण भएकोले त्याज्य नमानेर असत्य विषयलाई असत्य साधनद्धारा गरिएको अपूर्ण अनुकरण भएकाले त्याज्य मानेका हुन् । उनका दृष्टिमा त्यस्तो अनुकरणले पाठक दर्शकलाई बोध (ज्ञान) दिनुको साटो उनीहरूका निकृष्टतम भाव उद्वेलित गरी उत्तेजित एवं सबल बनाउँछ । यदि काव्यमा सत्य एवं ज्ञानको पूर्णप्रतिष्ठा छ भने उनी त्यस्तो काव्यलाई स्वीकार गर्दछन् । यसरी उनका दृष्टिमा जुन साहित्यले व्यक्ति एवं समाजलाई नैतिकता र सदाचार सिकाउँछ त्यस्तो साहित्य स्वीकार्य देखिन्छ ।

**अनुकरणसम्बन्धी अरिस्टोटलको दृष्टिकोण**

अरिस्टोटलको आफ्ना गुरु प्लेटोसँग स्नेह, सद्भाव र सुमधुर सम्बन्ध हुँदाहँदै पनि काव्यसम्बन्धी दृष्टिकोणमा पर्याप्त भिन्नता थियो । यी दुईका दृष्टिकोणगत भिन्नताले विश्वको काव्यचिन्तनमा निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

विश्वको गुरु-शिष्य परम्परामा विशिष्ट नमुनाका रूपमा रहेको सोक्रेटस, प्लेटो र अरिस्टोटलको गुरु-शिष्यपरम्पराले साहित्य चिन्तनमा विशिष्ट योगदान गरेको पाइन्छ (लुइटेल, २०६८, पृ. २-३) । अरिस्टोटलले काव्यकलालाई अध्यात्म एवं नीतिशास्त्रको कोणबाट नहेरेर सौन्दर्य शास्त्रको कोणबाट हेरेका छन् । अरिस्टोटलले प्लेटोद्वारा प्रयुक्त तथा प्राचीन ग्रीसेली भाषामा प्रचलित Mimesis शब्दलाई नै प्रयोग गरे तापनि त्यसलाई नयाँ सन्दर्भ दिएका छन् । ग्रीसेली भाषामा Mimesis रचनाको वाचक हो । अङ्ग्रेजीमा सोही अर्थमा Imitation शब्द र हिन्दी तथा नेपालीमा अनुकरण शब्द प्रयोग गरिन्छ ।

अरिस्टोटलको अनुकरण सिद्धान्तको सूत्र उनको भौतिक शास्त्र नामक ग्रन्थमा पाइन्छ भने काव्यसम्बन्धी चिन्तन तथा अनुकरणको तात्पर्यसम्बन्धी चिन्तन काव्यशास्त्र नामक ग्रन्थमा पाइन्छन् । काव्यचिन्तनसम्बन्धी विचारहरूको सँगालो काव्यशास्त्र मा जम्मा २६ अध्याय छन् (ज्ञवाली, २०६६, पृ. १४) । काव्यशास्त्र मा उनी 'कवि चित्रकार वा समानताका अरू रचनाकार झैँ  एक अनुकर्ता हो (अध्याय २५) भन्छन् । यसरी उनका मतमा सबै कला प्रकृतिको अनुकरण हो । काव्य पनि एउटा कला भएकाले अनुकृति हो र कवि त्यसको अनुकर्ता हो (चामलिङ, २०७७, पृ. १२७)।' अरिस्टोटल प्लेटोको अध्यात्म दर्शनको जस्तो मूल आदर्श (Idea) को कुरा नगरेर प्रकृति अथवा जीवनजगत्लाई नै सत्य मान्छन् । उनका दृष्टिमा कला साहित्य स्वसत्तासम्पन्न प्रकृति अथवा जीवनजगत्को अनुकरण हो । प्रकृति अथवा जीवनजगत्लाई मूल आदर्श ९क्ष्मभब० को अनुकरण नठान्ने अरिस्टोटलका निम्ति प्लेटोद्वारा प्रस्तुत अनुकरण श्रृङ्खलाको एक तह स्वतः समाप्त हुन्छ । प्रकृतिको अनुकृति हुनु पनि प्लेटोका निम्ति सत्यदेखि टाढा हुनु एवं विकृति थियो भने अरिस्टोटलका निम्ति स्वसत्ता सम्पन्न प्रकृतिको यो अनुकृति वास्तविक प्रकृति वा वस्तुजगत्भन्दा पनि महत्वपूर्ण हुन्छ (त्रिपाठी, २०५०, पृ. ४०) । उनका दृष्टिमा 'प्रत्येक कला र शैक्षिक अनुशासनले प्रकृतिद्वारा त्यसै छोडिएका अंशको परिपूर्तिको उद्देश्य राखेको हुन्छ । जब प्रकृति असमर्थ हुन्छ तब कलाले त्यो कार्य पूरा गर्दछ अथवा प्रकृतिद्वारा परित्यत्त अंश कलाले पूरा गर्दछ (त्रिपाठी, २०५०, पृ.४०) । अरिस्टोटल कलासाहित्यलाई प्रकृतिको अनुकरण मान्दछन् । 'कविता सामान्यतः मानवीय प्रकृतिका दुई सहज प्रवृत्तिहरूबाट उद्भूत भएको प्रतीत हुन्छ । जसमा एउटा अनुकरणको सहज स्वाभाविक प्रवृत्ति हो भने दोस्रो सामञ्जस्य र लयविधानको प्रवृत्ति हो । कला-साहित्यले प्रकृतिको अनुकरण गर्दछ  (गुप्त, २००३, पृ. ३०) । अब प्रश्न उठ्छ, प्रकृतिका सन्दर्भमा अरिस्टोटलको अभिप्राय के हो ? के उनले प्रकृतिको बाहिरी दृश्यरूप (भूमि, पाखा-पर्वत, नदी, प्राणी आदि) लाई नै प्रकृति भनेका हुन् त ? अवश्य होइन ।

काव्यशास्त्र मा उनले कलाले मान्छेलाई उसका क्रियाशीलता (चरित्र, संवेग र कार्य) का सन्दर्भमा अनुकरण गर्दछ भन्छन् (त्रिपाठी, २०५०, पृ. ४१) । त्यस्तै पोलिटिक्स मा कवि या कलाकार प्रकृतिका दृश्य वस्तुहरूको मात्र नभएर प्रकृतिको सिर्जन प्रक्रियाको अनुकरण गर्दछ भन्छन् (चौधरी र गुप्त, २०००, पृ. २२८) । यसरी अनुकरणको मुख्य विषय दृश्यमान प्रकृतिका दृश्यवस्तुहरू नभएर प्रकृतिको नियम वा सृजनप्रक्रिया हो । अरिस्टोटलले 'काव्यको उत्पत्ति मनुष्यको अनुकरणात्मक प्रवृत्तिको उपज हो भन्दै यो अनुकरण-कार्य केवल वस्तुको सोझो अनुकरण नभएर एक सिर्जनात्मक दृष्टि हो (सुवेदी, २०७८, पृ. ३६) भनेका छन् ।  'अनुकरणको उनको अभिप्राय बाहिरी जगत्भन्दा मान्छेको अन्तर्जगत् को अनुकरण हो भन्ने कुरा प्रस्ट हुन्छ । यसो हो भने यथावत् अनुकरण या सादृश्यविधान बाहिरी जगत्कै मात्र सम्भव हुने, आन्तरिक वा मानसिक जगत्को यथावत् अनुकरण सम्भव नहुने हुँदा प्रकृतिको अनुकरण प्रकृतिको अझै परिष्कृत प्रस्तुतीकरण हो झैँ अनुभव हुन्छ (त्रिपाठी, २०५०, पृ. ४१) । अरिस्टोटलले आफ्नो पोलिटिक्स नामक ग्रन्थमा 'प्रत्येक वस्तु पूर्ण विकसित भएपछि जुन रूपमा हुन्छ त्यसैलाई नै हामी त्यसको प्रकृति भन्दछौं । प्रकृति यही आदर्श रूपको उपलब्धिका लागि निरन्तर कार्यरत रहन्छ परन्तु अनेकौं कारणले प्रकृति आफ्नो लक्ष्य प्राप्तिमा सफल हुँदैन । कवि वा कलाकार ती अवरोधक कारणलाई हटाएर प्रकृतिको विकास प्रक्रियाको अनुकरण गर्दै प्रकृतिका अधुरा कामलाई पूरा गर्दछ (गुप्त, २००३, पृ. ३०) ।' भन्ने कुरा प्रस्तुत गरेका छन् ।

'कविता प्रकृतिको केवल दर्पण मात्र भएको भए त्यसले हामीलाई प्रकृतिभन्दा धेरै केही पनि दिन सक्दैनथ्यो । परन्तु कविताको आस्वादनबाट हामी त्यो कुरा (स्वाद) पाउँछौं, जो प्रकृतिले दिन सक्दैन' भन्ने अरिस्टोटलको तर्कका बारेमा एबरक्रोम्बेले पनि चर्चा गरेका छन् (गुप्त, २००३, पृ. ३१) ।' अरिस्टोटलका अनुसार चित्रकार या अन्य कुनै कलाकार तीन प्रकारका वस्तुहरूमध्ये कुनै एकको अनुकरण गर्नसक्छ : (क) ती वस्तुहरू जस्ता थिए वा छन् (ख) जस्ता तिनीहरू भनिन्छन् वा ठानिन्छन्, र (ग) जस्ता तिनीहरू हुनुपर्छ (त्रिपाठी, २०५०, पृ. ४१) । यसको स्पष्ट अर्थ अनुकरणको विषय प्रकृतिको यथार्थ, प्रतीयमान वा आदर्श जुनसुकै रूप पनि हुनसक्छ परन्तु यो अनुकरणमा कलाकारको भावना वा कल्पनाको योगदान अवश्यक हुन्छ । अरिस्टोटल काव्यलाई इतिहासका अपेक्षा अधिक दार्शनिक एवं उच्चतर मान्छन् । 'अरिस्टोटलका विचारमा इतिहास देशकालमा आबद्ध हुन्छ तर काव्य मुक्त हुन्छ त्यसैले काव्यमा दार्शनिक तत्व पनि सन्निवेश भएको हुन्छ (सुवेदी, २०७८, पृ. ३६) ।' उनी भन्छन् 'कवि र इतिहासकारमा वास्तविक अन्तर के छ भने इतिहासकारले घटित भइसकेको कुराको वर्णन गर्छ भने कविले घटिन हुनसक्ने कुराको वर्णन गर्छ त्यसैले काव्य सामान्यको अभिव्यक्ति हो भने इतिहास विशिष्टको (गुप्त, २००३, पृ. ३२) ।' यसरी अरिस्टोटलका दृष्टिमा अनुकरणको तात्पर्य केवल वस्तुपरक प्रत्यङ्कन नभएर भावपरक अनुकरण हो भन्ने कुरा प्रस्ट हुन्छ ।

अरिस्टोटलको अनुकरण सिद्धान्तअनुसार सम्पूर्ण कला अनुकरणका प्रकारका रूपमा देखिन्छन् । तिनीहरू केवल अनुकरणका माध्यम, विषय र प्रविधिले ललित कलाका शाखा प्रशाखामा विभाजित हुन्छन् । साहित्यमा भाषाका माध्यमले प्रकृति वा जीवनजगत्का अन्तरङ्ग एवं बहिरङ्ग पक्षको अनुकरण गरिन्छ । भाषिक माध्यमका आधारमा पद्यात्मक वा गद्यात्मक, विषयका आधारमा दुःखान्त वा सुखान्त र प्रविधिका आधारमा समाख्यानात्मक (महाकाव्य) वा नाटकीय (नाटक) भनेर छुट्ट्याउन सकिन्छ । अरिस्टोटलका विचारमा प्रकृति आफैँमा सामञ्जस्य एवं सङ्गतिपूर्ण छैन । त्यसैले साहित्यकारमा भएको सामञ्जस्य एवं सङ्गतिको चेतनाले प्रकृतिका असङ्गतिपूर्ण, भावमुक्त, अशक्त र अशिव पक्षलाई सङ्गतिपूर्ण, भावयुक्त, सशक्त र शिव (कल्याणकारक) बनाएर प्रस्तुत गर्दछ । यसरी प्लेटोका दृष्टिमा अनुकरणको अर्थ मूल आदर्शको अनुकरण थियो भने अरिस्टोटलका दृष्टिमा अनुकरणको तात्पर्य कल्पनात्मक पुनःसृजन हुनपुगेको छ ।

**विरेचन सिद्धान्त**

अरिस्टोटलको विरेचन सिद्धान्तको पृष्ठभूमिमा प्लेटोको कला-साहित्यमाथिको आक्षेपको भूमिका रहेको छ । अरिस्टोटलले ' प्लेटोले साहित्यको शक्ति र औचित्यका सन्दर्भमा उठाएका गम्भीर प्रश्न, लगाएका संवेदनशील आरोप तथा कलासाहित्यका बारेमा निकालेको निष्कर्षप्रति आफ्नो असहमति र कलाप्रतिको आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने क्रममा साहित्यप्रतिको प्रभावकारी चिन्तन प्रस्तुत गरेका छन् (ज्ञवाली, २०६६, पृ. ४५) ।' काव्यले व्यक्तिको मनोवेग/कामवासनालाई उत्तेजित पारी पोषण र सिञ्चन गर्छ भन्ने प्लेटोको कला-साहित्यमाथिको गम्भीर आक्षेपप्रति असहमति जनाउँदै त्यसलाई परोक्ष रूपमा खण्डन गर्ने अभिप्रायबाट अरिस्टोटलले विरेचन सिद्धान्त प्रतिपादन गरेका हुन् । काव्यकलाले पाठकको आवेग-संवेगलाई उत्तेजित तुल्याएर मनलाई उराल्ने-वराल्ने काम गर्छ भन्ने प्लेटोको आरोपप्रति असहमति जनाउने क्रममा अरिस्टोटलले जसरी पेटमा उत्पन्न विकारबाट मानिस बिरामी हुँदा रेचक औषधि वा जुलाव जलको सेवनबाट विकारलाई बहिष्करण गरी स्वस्थ बनाइन्छ त्यसरी नै कलासाहित्यले पनि मानिसका मनोविकारहरूलाई बहिष्करण गरी विकारयुक्त वा अशुद्ध मनलाई शुद्ध तुल्याउने काम गर्छ भन्ने कुरा व्यञ्जित गरेका छन् (लुइटेल, २०६८, पृ. ३३) । अरिस्टोटलले आफ्नो कुनै पनि ग्रन्थमा विरेचन सिद्धान्तको कुनै पनि परिभाषा दिएका छैनन् र कुनै व्याख्या पनि गरेका छैनन् । उनले केवल दुई ठाउँमा विरेचन (Catharsis) शब्दको प्रयोग गरेका छन् । उनले आफ्नो काव्यशास्त्र नामक ग्रन्थको छैटौं अध्यायमा त्रासदी (Tragedy) को परिभाषा तथा स्वरूपका बारेमा चर्चा गर्दा उक्त शब्दको प्रयोग गरेका छन् । 'त्रासदी (Tragedy) कुनै गम्भीर, स्वतःपूर्ण तथा निश्चित आयामयुक्त कार्य (घटना) को अनुकृतिको नाम हो, जसको माध्यम नाटकका भिन्नभिन्न रूपबाट प्रयुक्त सबै प्रकारका अलङ्कारबाट अङ्कृत भाषा हुन्छ, जो समाख्यानात्मक (वर्णनात्मक) रूपमा नभएर कार्यव्यापार (घटना) का रूपमा हुन्छ र यसमा करुणा र त्रासको उद्रेक (जागरण) द्वारा

मनोविकारहरूको उचित विरेचन गरिन्छ (चामलिङ, २०७७, पृ. १७३-७४) ।' त्रासदीको नायक करुणा र त्रास उत्पन्न गर्न सक्ने खालको हुनुपर्दछ । ज्यादै असल मान्छे दुःखमा परेको देख्दा प्रेक्षकको हृदयमा चोट पर्छ, करुणा र त्रासको उत्पत्ति हुँदैन । त्यस्तै ज्यादै खराब मान्छे दुःखमा परेको देख्दा पनि प्रेक्षकको हृदयमा बरु सन्तोष उत्पन्न होला परन्तु करुणा र त्रासको उत्पत्ति हुँदैन । त्यसैले त्रासदीको नायक प्रतिष्ठित वर्गको त्यस्तो सामान्य व्यक्ति होस् जो दुर्भाग्यले नभएर आफ्नै गल्ती (hammertion) बाट सिर्जित यातना बहन गरोस् । त्रासदीका नायकमा 'ह्यामर्सिया' वा गलत निर्णय गर्ने दोष हुनुपर्दछ (सुवेदी, २०७८, पृ. ४३) ।' यसरी नै अरिस्टोटलले आफ्नो राजनीतिशास्त्र नामक ग्रन्थमा पनि विरेचन (Catharsis) शब्दको प्रयोग गरेका छन् । त्यहाँ उनी लेख्छन् 'सङ्गीतको अध्ययन अनेक उद्देश्यपरिपूर्तिका लागि हुनुपर्दछ (क) शिक्षाको लागि (ख) विरेचन (catharsis) अर्थात् चेतसिक/मानसिक आवेगहरूको शमन गरी चेतसिक/मानसिक शुद्धिको प्राप्तिका लागि र (ग) आनन्दको प्राप्तिका लागि । यस्ता धार्मिक संवेग वा प्रभाव जो रहस्यात्मक आवेग (संवेदना वा संस्कार) हरूलाई जागृत गरेर निरोध गर्दछन्, उनीहरू यसरी शान्त हुन्छन् मानौँ उनका आवेग-संवेगहरू शमन एवं विरेचन भइसके । करुणा र त्रासबाट आविष्ट प्रत्येक भावुक व्यक्ति आआफ्नो संवेदन शक्तिअनुसार यस प्रकारको शुद्धिको अनुभव गर्छ, उसको चित्त खुला र प्रसन्न हुन्छ । यसरी विरेचक संवेग मानव समाजलाई निर्दोष आनन्द प्रदान गर्दछन् (गुप्त, २००३, पृ. ६६) ।' यहाँ विरेचनको तात्पर्य मानसिक शुद्धता हो ।

अरिस्टोटलद्वारा प्रयुक्त मूल शब्द 'Catharsis' हो । अङ्ग्रेजीमा यसलाई Purgation, हिन्दीमा रेचन, विरेचन या परिष्करण भनेर अनुवाद गरिएको छ परन्तु विरेचन शब्द सर्वाधिक प्रचलित छ । नेपालीमा यसलाई विरेचन, परिष्करण, शुद्धीकरण वा सफाइ भन्न सकिने भए तापनि विरेचन शब्द नै अधिक प्रचलित रहेको छ । Catharsis शब्द युनानी चिकित्सापद्धतिसँग सम्बन्धित छ भने विरेचन शब्द पनि आयुर्वेदीय चिकित्सापद्धतिसँग सम्बन्धित छ । चिकित्सा शास्त्रमा यसको अर्थ शरीरमा प्रवेश गरेको फोहोर, अनावश्यक वा विजातीय द्रव्यलाई रेचक औषधिहरूद्वारा निकाल्नु वा शरीर शुद्धीकरण गर्नु भन्ने हुन्छ । युनानमा रेचक औषधिको प्रयोग सर्वप्रथम हिप्पोक्रिटीजले गरेका थिए । कुनै रोगीको पेटमा कुनै अनावश्यक पदार्थको प्रवेशका कारण पेट दुख्दा उक्त रोगीलाई रेचक औषधि दिइन्थ्यो । परिणामस्वरूप त्यो अनावश्यक एवं अस्वस्थ्यकर विजातीय द्रव्यको बहिर्गमन भई स्वास्थ्यलाभ हुन्थ्यो । चिकित्सकका छोरा भएका कारण अरिस्टोटलले यो शब्द चिकित्सा शास्त्रबाट लिएर साहित्यशास्त्रमा लाक्षणिक अर्थमा प्रयोग गरेका हुन् । जसरी होमियोपैथिक चिकित्सापद्धतिमा कुनै संवेगको उपचार उस्तै संवेगद्वारा गरिन्छ अर्थात् रोगको अनुग्र लक्षण उत्पन्न गरेर उग्र लक्षणलाई नियन्त्रित गरिन्छ त्यसरी नै त्रासदी (Tragedy) मा करुणा र त्रासको कृत्रिम उद्रेक (उत्पादन) द्वारा मान्छेका अन्तर्मनमा वास्तवमा सुषुप्तरूपमा रहेका करुणा र त्रास (राग र द्वेष) सम्बन्धी सम्पूर्ण भावको विरेचन गर्न सकिन्छ भन्ने अरिस्टोटलको विचार देखिन्छ । अरिस्टोटलले त्रासदी (Tragedy) का सन्दर्भमा मात्र नभएर समस्त कलासाहित्य र जीवनकै सन्दर्भमा विरेचनको कुरा गरेको अनुभव हुन्छ । उनले 'विरेचनको विशेष व्याख्या काव्यशास्त्र मा गर्ने वचनबद्धता जनाए तापनि काव्यशास्त्र मा सो नपाइनाले कदाचित् उक्त अंश खण्डित भएको वा हराएको हुनसक्ने आशङ्का पैदा हुन्छ (त्रिपाठी, २०५०, पृ. ७५) ।' जे भए तापनि अरिस्टोटलले दुःखान्तका सन्दर्भमा मात्र नभएर समग्र कलासाहित्यकै सन्दर्भमा विरेचनको कुरा गरेझैँ प्रतीत हुन्छ ।

अरिस्टोटलले प्रयोग गरेको मूल ग्रीक शब्द Catharsis, त्यसको अङ्ग्रेजी अनुवाद Purgation, हिन्दीमा प्रचलित विरेचन (रेचन वा परिष्करण) र नेपालीमा प्रयुक्त विरेचन (शुद्धीकरण वा सफाइ) शब्दको मूल अर्थ रेचक औषधिद्वारा शरीरभित्रका विकारहरूको निराकरण गरी शरीर व्यवस्थालाई शुद्ध एवं स्वस्थ पार्नु भए पनि त्रासदी (Tragedy) का सन्दर्भमा करुणा र त्रासको उद्रेक (उत्पाद) द्वारा यी र यिनका अनुगामी मनोविकारहरूको उचित विरेचन (निरोध) गर्नु भन्ने हो ।

विभिन्न विद्वान्हरूले विरेचनका विविध अर्थ (व्याख्या) हरू गरेको पाइन्छ । ती अर्थहरूमध्ये मूलतः आयुर्वेदिक (चिकित्साशास्त्रीय) अर्थ, धार्मिक (धर्मपरक) अर्थ, नैतिक (नीतिपरक) अर्थ, कलात्मक (कलापरक) अर्थ, मनोवैज्ञानिक

(मनोविज्ञानपरक) अर्थ र भोगवादी अर्थ विशेष उल्लेख्य देखिन्छन् ।

**आयुर्वेदिक (चिकित्साशास्त्रीय) अर्थ**

अरिस्टोटलको काव्यशास्त्रका व्याख्याता प्रा.एस.एच.बुचरले अरिस्टोटलले नै विरेचनलाई आयुर्वेदिक, धार्मिक र नैतिक अर्थमा प्रयोग गरेको चर्चा गरेका छन् । शारीरिक तत्वहरूमा असन्तुलन भएर रोग लाग्दा ग्रिसेली चिकित्सक रेचक औषधिको प्रयोगद्वारा उदरविकारहरूको विरेचन गरी रोगीलाई रोगमुक्त पार्दथे भन्ने सन्दर्भबाट नै आयुर्वेदिक वा चिकित्साशास्त्रीय अर्थ प्रष्ट हुन्छ । विजातीय द्रव्य वा विकारहरूको निष्कासनपछि रोगी रोगमुक्त (स्वस्थ) भएर मानसिक सन्तुष्टि एवं आनन्द प्राप्त गर्नु स्वाभाविक भएकाले आयुर्वेदिक वा चिकित्साशास्त्रीय विरेचन पनि पीडामुक्ति र आनन्दप्राप्तिका तात्पर्यमा प्रयुक्त भएको देखिन्छ ।

**धार्मिक (धर्मपरक) अर्थ**

प्राचीन ग्रिसेली संस्कृतिका अध्येता एवं ग्रीक वाङ्मयका विशिष्ट विद्वान् प्रा. गिल्वर्ट मरेले नै मूलतः धार्मिक अर्थलाई प्रस्तुत गरेका हुन् । 'नव वर्षको आरम्भमा मनाइने दिओन्युसस देवतासँग सम्बन्धित उत्सवमा गत वर्षका पाप, कुकर्म, कल्मष आदिबाट मुक्ति दिएर आगामी वर्षमा विवेकपूर्ण एवं शुद्धहृदय बनाइदिन विन्ती (प्रार्थना) गरिन्छ जसबाट हृदय पाप, कुकर्म, कलुषता आदिबाट सदा मुक्त रहोस् । यसरी यो उत्सव एक प्रकारले शुद्धिको प्रतीक थियो (गुप्त, २००३, पृ. ६७) ।' भनेर प्रा. गिल्वर्ट मरेले विरेचनको प्रयोग धार्मिक अर्थमा गर्न खोजेका छन् । अर्का विद्वान् लिबीले 'अरिस्टोटलको जीवन काल (ई.पू. ३६७) मा नै ग्रिसेली दुःखान्तकको प्रवेश रोममा कलात्मक उद्देश्यका निम्ति नभएर महामारीको निवारणका निम्ति भएकाले विरेचनलाई धार्मिक अर्थमा स्थापना गर्न खोजेको चर्चा डा. नगेन्द्रले गरेका छन् (उपाध्याय, २०६०, पृ.१०) ।' स्वयं अरिस्टोटलले आफ्नो राजनीतिशास्त्र नामक ग्रन्थमा 'हाल' नामक दैवी प्रकोप हुँदा उन्मुक्त सङ्गीतको बाह्य उपयोगद्वारा विकारहरूको विरेचन र आन्तरिक शुद्धि प्राप्तिको चर्चा गरेका छन् । यसरी दिओन्युससँग दुःखान्तकको सम्बन्ध, दुःखान्त नाटकको रोम प्रवेशको प्रयोजन र 'हाल' नामक महामारीको अवस्थामा दुःखान्त नाटकले खेलेको भूमिकाका आधारमा विरेचनको धार्मिक अर्थ प्रतिपादन गर्न खोजिएको देखिन्छ । तर 'फिलीप्पी हिलराइटले भने प्लेटोले फेद्रामा अपोलोलाई शुद्धिका देवता मानी ग्रिसेलीहरू शरीर र आत्माको शुद्धिका निम्ति शुद्धीकरण उत्सवमा उनको पूजा गर्दछन् भनेका हुनाले धार्मिक अर्थमा विरेचनको प्रयोग प्लेटोले नै गरिसकेका थिए भन्ने सूचित गर्दै अरिस्टोटलका सन्दर्भमा धार्मिक अर्थमा विरेचनको प्रयोग महत्वहीन छ भनेको देखिन्छ (उपाध्याय, २०६०, पृ. १०) ।' जे होस्, बाह्य उत्तेजना र विस्तारै त्यसको शमनद्धारा आत्मिक शुद्धि र शान्तिको तात्पर्यमा नै धार्मिक अर्थ प्रयुक्त देखिन्छ ।

**नैतिक (नीतिपरक) अर्थ**

विरेचनको व्याख्याका क्रममा कोर्नेइ, रेसिन र लेसिङले 'मनोरागहरूको शुद्धीकरण' का तात्पर्यमा विरेचनको अर्थ ग्रहण गरी नैतिक अर्थमा प्रयोग गरेको भए तापनि सन् १८५७ मा जर्मन विद्वान् जैकोव वार्नेजले नैतिक (नीतिपरक) अर्थलाई नयाँ दिशा दिएको मानिन्छ । उनका अनुसार मान्छेका मनमा वासनात्मक संस्कारका रूपमा अनेक मनोविकारहरू रहेका हुन्छन् । तिनीमध्ये करुणा र त्रास दुःखद हुन्छन् । त्रासदी (दुःखान्तक) मा रङ्गमञ्चमा यस्ता दृश्यहरू अतिरञ्जित रूपमा प्रस्तुत गरिन्छ जुन त्रास र करुणाबाट परिपूर्ण हुन्छन् । ती दृश्यहरूलाई देखेर दर्शकका मनमा त्रास र करुणाका भाव उद्वेलित हुन्छन् र क्रमशः निरुज्झित (उन्मूलित) हुन्छन् । यसरी दुःखान्तको समाप्तिमा दर्शक मानसिक शान्तिको सुखद अनुभूति गर्छ किनभने उसका मनमा वासनात्मक संस्कारका रूपमा स्थित करुणा र त्रास लगायतका सम्पूर्ण मनोभावहरूको दंश समाप्त हुन्छ । वास्तविक जीवनमा भन्दा रङ्गमञ्चमा नै यी भावहरूको निर्भयतापूर्वक स्वस्थ अभिव्यक्ति सम्भव हुन्छ । यसरी विरेचनको नैतिक (नीतिपरक) अर्थ मनोवेगहरूलाई उद्वेलित (उत्तेजित) तुल्याई निरुज्झित (उन्मूलित) गर्नु र परिणामस्वरूप मानसिक शान्ति वा विराटता प्रदान गरी भावनात्मक रुग्णता हटाउनु भन्ने हुन्छ । वासुदेव त्रिपाठीले पनि 'दंशकारी र पीडाप्रद मनोवेगलाई अभिव्यक्त र प्रकट हुन दिई विचार प्रवाहमा बिउँझाउनु र यसरी उन्मुक्त परितोष प्रदान गर्नु पनि लगभग विरेचन जस्तै प्रतीत हुन्छ । भनूँ, मनोविश्लेषण र मनोविज्ञानले पनि विरेचनको

मानसिक परिष्कार सम्बन्धी नैतिक अर्थको पुष्टि गर्छन् (त्रिपाठी, २०५०, पृ. ७८)' भनेर नैतिक (नीतिपरक) अर्थलाई मनोविज्ञानशास्त्रको पनि समर्थन प्राप्त हुने देखेका छन् ।

**कलात्मक (कलापरक) अर्थ**

अरिस्टोटलको विरेचन सिद्धान्तको कलात्मक (कलापरक) अर्थको सङ्केत जर्मन महाकवि गेटे तथा अङ्ग्रेजी स्वच्छन्दतावादी कवि एवं समालोचकहरूमा पनि पाइन्छ तापनि मूलतः अरिस्टोटलकोकाव्यशास्त्र का गम्भीर व्याख्याता प्रा. बुचरले यस अर्थलाई सर्वाधिक महत्व दिएर प्रस्तुत गरेका छन् । प्रा. बुचरका अनुसार अरिस्टोटलको विरेचन शब्द धर्म, चिकित्साशास्त्र तथा मनोविज्ञानसँग मात्र सम्बन्धित नभएर कला (सौन्दर्य) शास्त्रको पनि अभिव्यञ्जक हो । बुचरका भनाइमा 'जुन रूपमा अरिस्टोटलले यस (विरेचन) शब्दलाई आफ्ना कलाविवेचनामा प्रयोग गरेका छन्, त्यसको विशेष अर्थ छ । यो शब्द औषधशास्त्र या मनोविज्ञानको तथ्याङ्कन मात्र नभएर कलासिद्धान्तको अभिव्यक्ति पनि हो । अतः दुःखान्तकको अभीष्ट करुणा वा त्रासका निम्ति अभिव्यञ्जनाको माध्यम प्रस्तुत गर्नु मात्र होइन, यी मनोभावहरूलाई एक सुनिश्चित कलात्मक सन्तुष्टि प्रदान गर्नु पनि हो । यी त्रास र करुणालाई कलाका माध्यममा ढालेर परिष्कृत र स्पष्ट पार्नु पनि हो (त्रिपाठी, २०५०, पृ. ७८-७९) ।' मन त्रास र करुणा लगायतका मनोवेगबाट मुक्त भएर सन्तुलित एवं परिष्कृत भएपछि मात्र पूर्ण रूपले कला (सौन्दर्य) को आस्वादनका निम्ति उपयुक्त हुन्छ । त्यसैले बुचरका दृष्टिमा दुःखान्तकको काम करुणा र त्रासको बहिष्करण मात्र नभएर कलात्मक (सौन्दर्यात्मक) सन्तुष्टि प्रदान गर्नु पनि हो । केशवप्रसाद उपाध्यायका अनुसार 'यो व्याख्या आयुर्वेदिक रूपकबाट प्रेरित छ र यसबाट आयुर्वेदिक विरेचनपछि रोगीलाई रोगमुक्तिको आनन्द प्राप्त भएझैं दुःखान्तीय विरेचनपछि दर्शक वा भावकलाई दुःखदायी आवेगहरूबाट मुक्तिको आनन्द प्राप्त हुन्छ भन्ने सिद्ध गर्न खोजिएको छ (उपाध्याय, २०६०, पृ. १२) ।' बुचरको यस व्याख्यालाई सौन्दर्यवादी वा आनन्दवादी पनि भन्न सकिन्छ ।

**समञ्जनवादी (मनोवैज्ञानिक) अर्थ**

बीसौं शताब्दीका प्रखर सैद्धान्तिक समालोचक आई.ए.रिचर्डस् आफ्नो मूल्य सिद्धान्तमा मनोवेगका मूलतः दुई प्रकार हुने कुरा व्यक्त गर्छन् । उनका अनुसार मनोवेगका दुई प्रकार एषणा (राग, इच्छा वा आकर्षण) तथा द्वेष (विमुखता वा अनाकर्षण) हुन् । प्रथममा मानिस केही पाउन उद्यत हुन्छ भने द्वितीयमा कुनै चीजप्रति मानिसका मनमा द्वेष (विमुखता वा अनाकर्षण) पैदा हुन्छ । पहिलो प्रकारका आवेग प्रवृत्तिमूलक हुन्छन् भने दोस्रो प्रकारका आवेग निवृत्तिमूलक हुन्छन् । केही आवेगहरू धेरै महत्वपूर्ण हुन्छन् भने केही कम महत्वपूर्ण हुन्छन् । रिचर्डस् ती आवेगहरूलाई सर्वाधिक महत्वपूर्ण मान्दछन् जुन आवेग (संवेग वा एषणा) ले अन्य आवेग (संवेग वा एषणा) लाई कमभन्दा कम बाधित वा दमित गरेर आफ्नो अस्तित्व कायम राख्छन् । यसरी 'मनका अधिकाधिक महत्वपूर्ण अधिकतम एषणा (चाहना वा अनुभूति) को सन्तुष्टिको स्थिति नै मूल्य हो र जुन मानसिकता जति ज्यादा सन्तुलित र संगठित छ अनि कमभन्दा कम एषणा वा अनुभूति मात्र जहाँ विफल (परिव्यक्त वा दमित) हुन्छन् त्यही नै मानसिकता बढी मूल्यवान् ठहर्छ भनी रिचर्ड्स् ठान्दछन् (त्रिपाठी, २०५०, पृ. ३६६) ।' यसरी रिचर्डस्का दृष्टिमा परम्पर विरोधी आवेगहरूको एक व्यवस्थित समञ्जन नै दुःखान्तको मूल्य हो र यही विरेचन प्रक्रिया हो । आधुनिक मनोविश्लेषणका आधारमा गरिने मानसिक उपचारमा पनि दमित कुण्ठित मनोवृत्तिहरूलाई उन्मुक्त विचार प्रवाह प्रणालीद्वारा सतहमा ल्याई ती दमित-कुण्ठित मनोवृत्तिहरूबाट छुटकारा दिलाउने प्रयास गरिने भएकाले रिचर्ड्स्को विरेचनसम्बन्धी व्याख्या आधुनिक मनोविज्ञान शास्त्रको नजिक छ । मनको सर्वाधिक शक्तिशाली, शुद्ध एवं पूर्णस्थिति त्यो हो, जसमा सङ्घर्षरत सम्पूर्ण रागात्मक तथा द्वेषात्मक आवेग-संवेगहरू निरुद्ध भएर शान्त हुन्छन् । मनको उक्त स्थितिको प्राप्ति न त दुःखान्त वा काव्यद्वारा हुने विरेचनबाट हुन्छ, न त आधुनिक (वर्तमान) मनोविज्ञानका विधिहरूबाट हुनसक्छ । मनको उक्त स्थितिको प्राप्तिका उपायहरू पूर्वमा अति प्राचीन कालदेखि वर्तमानसम्म प्रचलित नै छन् । केवल मनका सतहमा रहेका आवेग-संवेग र ग्रन्थिबाट मात्र नभएर 'अनुशय' चित्तमा कर्मसंस्कारका रूपमा सुषुप्त अवस्थामा रहेका रागद्वेष लगायतका सम्पूर्ण क्लेशहरूको विरेचन वा निरोध गरी चित्तलाई पूर्णतः शुद्ध तुल्याउने विधि पूर्वमा अनादि कालदेखि नै प्रयोगमा आएको पाइन्छ ।

**भोगवादी अर्थ**

एफ. एल. ल्युकसका अनुसार विरेचन भनेको शुद्धीकरण होइन, केवल निष्कासन मात्र हो । उनले 'हामी आवेगहरूबाट मुक्तिका लागि नभएर अधिकाधिक रूपमा तिनको प्राप्ति र भोगका निम्ति नाटक हेर्छौं भनेर विरेचन प्रक्रियालाई नै अस्वीकार गरेका छन् (उपाध्याय, २०६०, पृ. १२) ।' हुन पनि दर्शक वा भावक मानवीय आवेगहरूको भोग/आस्वादन गर्दछ भन्ने कुरा एक अर्थमा सत्य हो तथापि विरेचन आवेगहरूको भोग/आस्वादनपछिको प्रक्रिया हो भन्ने कुरा पनि बिर्सनु हुँदैन । दुःखान्त नाटकबाट व्यक्त हुने भाव वा मनोरागहरूले जब दर्शक वा भावकका मनमा संस्कारका रूपमा अवस्थित उस्तै किसिमका भाव वा मनोरागहरूलाई उत्तेजित तथा उद्वेलित तुल्याउँछन् अनि दुवैथरि मनोरागहरूको एकीकरण हुन्छ तब मात्र दर्शक वा भावकका मनमा रहेको सांसारिक तिक्तताको विरेचन हुन्छ ।

**निष्कर्ष**

अरिस्टोटलका दृष्टिमा अनुकरणको तात्पर्य केवल वस्तुपरक प्रत्यङ्कन मात्र नभएर भावपरक अनुकरण हो भन्ने कुरा स्पष्ट हुन आउँछ । अरिस्टोटलको अनुकरण सिद्धान्तअनुसार सम्पूर्ण कला अनुकरणका प्रकारका रूपमा देखिन्छन् । तिनीहरू केवल अनुकरणका माध्यम, विषय र प्रविधिले ललित कलाका शाखा प्रशाखामा विभाजित हुन्छन् । साहित्यमा भाषाका माध्यमले प्रकृति वा जीवनजगत्का अन्तरङ्ग एवं बहिरङ्ग पक्षको अनुकरण गरिन्छ । भाषिक माध्यमका आधारमा पद्यात्मक वा गद्यात्मक, विषयका आधारमा दुःखान्त वा सुखान्त र प्रविधिका आधारमा समाख्यानात्मक (महाकाव्य) वा नाटकीय (नाटक) भनेर छुट्ट्याउन सकिन्छ । अरिस्टोटलका विचारमा प्रकृति आफैँमा सामञ्जस्य एवं सङ्गतिपूर्ण छैन । त्यसैले साहित्यकारमा भएको सामञ्जस्य एवं सङ्गतिको चेतनाले प्रकृतिका असङ्गतिपूर्ण, भावमुक्त, अशक्त र अशिव पक्षलाई सङ्गतिपूर्ण, भावयुक्त, सशक्त र शिव (कल्याणकारक) बनाएर प्रस्तुत गर्दछ । यसरी रहस्यवादी प्लेटोका दृष्टिमा अनुकरणको अर्थ मूल आदर्शको अनुकरण थियो भने वस्तुवादी अरिस्टोटलका दृष्टिमा अनुकरणको तात्पर्य कल्पनात्मक पुनःसृजन हुनपुग्यो ।

अरिस्टोटलले प्रयोग गरेको विरेचन शब्दको मूल अर्थ रेचक औषधीद्वारा शरीरभित्रका विकारहरूको निराकरण गरी शरीर व्यवस्थालाई शुद्ध एवं स्वस्थ पार्नु भए पनि त्रासदी ९त्चबनभमथ० का सन्दर्भमा करुणा र त्रासको उद्रेक (उत्पाद) द्वारा यी र यिनका अनुगामी मनोविकारहरूको समुचित निष्कासन गर्नु विरेचन हो । चिकित्साशास्त्रीय तात्पर्यमा विजातीय द्रव्य वा विकारहरूको निष्कासनपछि रोगीले रोगमुक्त भएर मानसिक सन्तुष्टि एवं आनन्द प्राप्त गर्नु स्वाभाविक भएजस्तै पीडाबाट मुक्ति र आनन्दको प्राप्तिका तात्पर्यमा विरेचनलाई लिन सकिन्छ । बाह्य उत्तेजनाका सहयोगबाट अन्तश्चेतनामा दमित संस्कारको जागरण गरी विस्तारै त्यसको शमनद्वारा आत्मिक शुद्धि र शान्तिप्राप्तिको तात्पर्यमा नै धार्मिक अर्थ प्रयुक्त देखिन्छ भने मनोवेगहरूलाई उद्वेलित (उत्तेजित) तुल्याई निरुज्झित (उन्मूलित) गर्नु र परिणामस्वरूप मानसिक शान्ति वा विराटता प्राप्त गरी भावनात्मक रुग्णता हटाउनु भन्ने तात्पर्यमा नैतिक (नीतिपरक) अर्थको प्रयोग भएको देखिन्छ । त्रास र करुणा लगायतका मनोवेगबाट मुक्त भएर सन्तुलित एवं परिष्कृत भएपछि मात्र मानवीय मन पूर्ण रूपले कलाको आस्वादनका निम्ति उपयुक्त हुन्छ त्यसैले दुःखान्तकको काम करुणा र त्रासको बहिष्करण मात्र नभएर कलात्मक सन्तुष्टि प्रदान गर्नु पनि हो भन्ने कलात्मक (कलापरक) तात्पर्य रहेको देखिन्छ भने समञ्जनवादी तात्पर्यमा परस्पर विरोधी आवेगहरूको एक व्यवस्थित समञ्जन नै दुःखान्तको मूल्य हो र यही विरेचन प्रक्रिया हो । एफ. एल. ल्युकसले भोगवादी व्याख्या गर्दै विरेचन भनेको शुद्धीकरण नभएर केवल निष्कासन मात्र हो भनेका छन् । उनले हामी आवेगहरूबाट मुक्तिका लागि नभएर अधिकाधिक रूपमा तिनको प्राप्ति र भोगका निम्ति नाटक हेर्छौं भनेर विरेचन प्रक्रियालाई नै अस्वीकार गरेका छन् । अरिस्टोटका लागि विरेचनका उपर्युक्त विभिन्न सबै अर्थहरू अभिप्रेत थिए कि थिएनन् भन्ने निश्चय गर्नु अत्यन्त कठिन छ किनभने यस विषयमा उनको व्याख्या अपर्याप्त छ । अतः यस विषयमा हामी केवल अनुमान मात्र गर्न सक्छौँ । चिकित्सा शास्त्रबाट त उनले मूल शब्द नै लिएको प्रस्ट छ । धार्मिक सङ्गीततर्फ अरिस्टोटलले सङ्केत गरेका नै थिए । मानसिक शुद्धिको चर्चा पनि उनको राजनीति शास्त्र मा उपलब्ध छ । के उनले कलापरक अर्थ पनि अभिव्यञ्जित

गर्न चाहेका हुन् ? धार्मिक (धर्मपरक), नैतिक (नीतिपरक), कलात्मक (कलापरक) तीनै अर्थमा उनले विरेचनको तात्पर्य ग्रहण गरेको देखिन्छ । बुचरले जुन कलात्मक परितोषको कुरा गरेका छन् अरिस्टोटलले त्यसको कुनै सङ्केत गरेका छैनन् तथापि कलात्मक (कलापरक) अर्थ पनि उनको अभीष्ट अर्थ हो भन्ने प्रतीत हुन्छ ।

**सन्दर्भ सामग्रीसूची**


उपाध्याय, केशवप्रसाद (२०६०). *'अरिस्टोटलको विरेचनसिद्धान्त* : एक विश्लेषण', नाटकको अध्ययन. ललितपुर : साझा प्रकाशन, पृ. ९-१५ ।

गुप्त, शान्तिस्वरूप (सन् २००३). *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त.* दिल्ली : अशोक प्रकाशन ।

चामलिङ, गुमानसिंह (२०७७). *एरिस्टोटल र उनको काव्यशास्त्र 'पेरी पोइएतिकेस'.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चौधरी, सत्यदेव र गुप्त, शान्तिस्वरूप (सन् २०००). *भारतीय तथा पाश्चात्य काव्यशास्त्रका संक्षिप्त विवेचना.* दिल्ली : अशोक प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०६६). *पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या.* काठमाडौं : हजुरको प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५०). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (भाग-१) (ते.सं). काठमाडौं : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८). *पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, अभि (२०७८). *पाश्चात्य काव्य-सिद्धान्त.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।